# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १५ असार २०७७

# सोमबार

# (बैठक सङ्ख्या-३२)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा सोमबार दिनको १:०० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, माननीय परराष्ट्र मन्त्री प्रदिप कुमार ज्ञवालीले समसायिक विषयमा बोल्नको लागि समय माग गर्नु भएको छ । म उहाँलाई समय उपलब्ध गराउँछु ।

**माननीय परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीः**- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले मैले यस सम्मानित सदनमा र बाहिर सार्वजनिक रूपमा पनि उठेका केही प्रश्नहरू विशेष गरेर नेपाल र चीनको सीमा सम्बन्धमा केही भ्रमात्मक, केही गलत र केही बनावटी फेक खालका समाचारहरू प्रकाशित भइरहेको सन्दर्भमा ती विषयहरूले समाजमा एक किसिमको अन्यौल पनि सिर्जना गरिरहेको सन्दर्भमा म केही कुराहरू प्रष्ट पार्न चाहन्छु । विगत केही दिन अगाडि केही सार्वजनिक सञ्चार माध्यमहरूमा कृषि मन्त्रालयको हवाला दिएर, कृषि मन्त्रालय, नापी शाखाले पठाएको प्रतिवेदनमाथि आधारित भनेर सिलसिलेवार ढङ्गले सार्वजनिक सञ्चार माध्यमहरूमा केही समाचार आए जसमा

नेपालको विभिन्न भूभागहरू चीनले अतिक्रमण गरेको भन्ने ढङ्गले चाहिँ NEWS हरू बने । हामीले त्यसको सत्यताको अन्वेषण गर्‍यौं । त्यसलाई सत्यापन गर्ने कामहरू गर्‍यौं र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले त्यस सम्बन्धमा स्पष्ट पनि पारिसकेको छ । कृषि मन्त्रालयले गएको असार ११ गते कृषि मन्त्रालयको प्रतिवेदन भनिएको स्रोत उल्लेख गरेर २०७७ असार १० गते कान्तिपुर दैनिक र अन्य केही सञ्चार माध्यमहरूमा प्रकाशित चीनतर्फ पनि ७ जिल्लामा सीमा अतिक्रमण भन्ने समाचारप्रति कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ध्यानाकर्षण भएको छ । उक्त समाचारको आधार बनाइएको प्रतिवेदन यस मन्त्रालयबाट प्रकाशित नै नभएको र सो सम्बन्धी विषयमै यस मन्त्रालयको कार्यक्षेत्र समेत नभएकोले उक्त समाचारमा कुनै सत्यता नरहेको भनेर जसलाई आधार बनाएर फेक समाचारहरू बनाइएका थिए । सम्बन्धित मन्त्रालयले नै खण्डन गरिसकेको व्यहोरा पनि म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । त्यसैगरि परराष्ट्र मन्त्रालयको तर्फबाट पनि हामीले यस सम्बन्धमा प्रष्ट पारेका छौँ । त्यो कृषि मन्त्रालयको प्रतिवेदन स्वयम्‌ले खण्डन गरेको अवस्था छ । त्यस बाहेक यो नेपाल र चीनको वर्तमान सीमा ५ अक्टुबर १९६१ मा भएको सीमा सम्बन्धी सन्धि र त्यस पछाडिका प्रोटोकलहरूद्वारा निर्धारित भएको, समाचारमा भनिए जस्तो बाउन्ड्री मार्कर सीमा सङ्केत चिह्नहरू ३७ र ३८ कहिले खडा नै नभएको दुवै देशको बीचमा ज्यादै भौगोलिक दुर्गमताको कारणले, विकटताको कारणले त्यो ठाउँमा सीमा मार्करहरू खडा गर्न नसकिने भनेर दुवै देश सहमत भएर त्यसलाई खडा नै नगरिएको हुनाले ती मिसिङ्ग भई हटाइए, ती सीमा सारियो या भत्काइयो भन्ने कुरा कुनै आधार नै नरहने स्थिति भएको र अन्य कतिपय प्रश्नहरू हामीले त्यसको बारेमा परस्पर छलफल गरेर टुङ्ग्याउन सकिने र दुवै देशको बीचमा त्यस विषयमा निरन्तर छलफलहरू भइरहेको भएको हुनाले यस्ता खालका दुई देशको सम्बन्धमा प्रतिकूल प्रभाव पार्ने खालका समाचार सम्प्रेसित पनि नगर्न र यस्ता भ्रामक समाचारबाट प्रभावित पनि नहुन अथवा यसबाट भ्रममा नपर्नको निम्ति पनि हाम्रो मन्त्रालयले, परराष्ट्र मन्त्रालयले स्पष्ट पारिसकेको अवस्था छ ।

सम्माननीय अध्यक्षज्यू, म दुई, तीनवटा विषय थप यसमा जोड्न चाहन्छु । नेपाल । जनवादी गणतन्त्र चीनबीच मैत्री तथा अन्य प्रश्नहरूको सन्दर्भमा सन्धिमा हस्ताक्षर गर्न र दौत्य सम्बन्ध कायम गर्नको लागि १९५५ मा विभिन्न लेभलमा पत्राचारहरू भएर १ अगष्ट १९५५ मा कुटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यसपछि नेपाल र चीनबीच १९६० मार्च २१ तद्अनुरूप विक्रम सम्वत २०१६ चैत्र ९ मा सीमा सम्झौता हामीले दुई वटा भएका छन् एउटा सीमा सम्झौता एउटा सीमा सन्धि । तत्कालीन जननिर्वाचित प्रधानमन्त्री वि.पि.कोइरालाको कार्यकालमा Agreement between the Government people's Republic of China and His Majesty Government of Nepal on the question of the boundry between the two countries मा हस्ताक्षर भयो । उक्त सम्झौता अनुसार दुवै देशका प्रतिनिधि सम्मिलित संयुक्त सङ्गठन गठन गर्ने र सो समितिले सीमा स्तम्भहरू खडा गर्ने एवम् सीमा सन्धिको

मस्यौदा तयार गर्ने जिम्मेवारी दिइएको थियो । यो अवसरमा चीनले शान्ति तथा मैत्री सन्धि सम्पन्न गर्न समेत प्रस्ताव गरेको थियो र सोही अनुसार सन् ६० को अप्रिल २८ मा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर पनि भएको हो । त्यो सम्झौतामाथि आधारित टिम बनाएर त्यसले कायम गर्दै जाने क्रममा नेपाल र चीनबिच १९६१ अक्टुबर ५ तद्अनुसार २०१८ साल असोज १९ गते सीमा सन्धि Boundry treaty between People's Republic of China and Kingdom of Nepal मा हस्ताक्षर भएको थियो । यस सम्झौतामा परम्परागत प्रचलित सीमा रेखा, संयुक्त रूपमा गरिएको स्थलगत अनुसन्धान तथा सर्भे एवम् दुई देशबीच मित्रता, समानता, आपसी लाभ तथा आपसी सम्झौताको आधारमा समग्र सीमा रेखा तय गर्ने उल्लेख गरिएको छ । त्यसमा हरेक १०/१० वर्षमा सीमाको inspection गर्ने व्यवस्था पनि गरिएको छ । त्यसअनुसार (१) 1:50,000 अथवा एक बराबर ५ लाख मानको (२) 1:50,000 अथवा एक बराबर ५० हजारको मापका ६ वटा नक्साहरू तयार गरेर दुवै देशको बीचमा ७९ वटा स्थानमा ९८ वटा स्थायी सीमा चिह्नहरू स्थापना गरिएको हो । जसमध्ये ३३, ३७ र ३८ त्यतिबेला स्थापना गर्न सकिएको थिएन । पछाडि ३३ नम्बर चाहिँ पछि स्थापना गरियो । तर ३७ र ३८ तेस्रो inspection मा आइपुग्दा खेरि अब यो सम्भव छैन । ज्यादै बिकट ठाउँ भएको हुनाले र त्यहाँ कुनै विवाद पनि नभएको हुनाले । त्यो दुई वटा सीमा सङ्केत स्तम्भ खडा नगर्ने भनेर निर्णय गरिएको व्यहोरा हो । त्यस्तै यसको पहिलो संयुक्त निरीक्षण १९७९ मा भयो । १९७७ मा त्यसको पहिलो संयुक्त निरीक्षण समिति बनेको थियो । त्यसले १९७९ मा पहिलो संयुक्त निरीक्षण कार्य सम्पन्न गरेर दोस्रो प्रोटोकल पहिला सन्धि भए लगतै पहिलो प्रोटोकल तयार भएको थियो भनेदेखि दोस्रो प्रोटोकल चाहिँ पहिलो inspection पछि, निरीक्षणपछि दोस्रो प्रोटोकलमा हस्ताक्षर भएको छ । त्यतिबेला चाहिँ एक बराबर ५० हजार मान नापमा ५७ सिट नक्साहरू तयार गरेर पूरै सीमा क्षेत्रको सीमा नक्सा तयार गरिएको छ । त्यति नै बेला पनि ३३, ३७ र ३८ निर्माण गर्न सकिएको थिएन । तर पहिले निर्माण गरिएका ५७ र ६२ नम्बर पिलरहरू फेला पर्न सकेका थिएनन् त्यति बेलाको निरीक्षणमा । दोस्रो संयुक्त निरिक्षण १,९८९ मा भएको हो । त्यसमा ५७ र ६२ को खोजी गर्दा त्यतिबेला पनि ती दुईटा भेटिएनन् । ३३ चाहिँ त्यतिबेला निर्माण गरियो । ३७ र ३८ निर्माण हुन नसकेको अवस्था थियो भनेदेखि तेस्रो संयुक्त निरिक्षण २००६ देखि सुरु भयो । पाँच वटा टोलीहरू बनाएर निर्माण गरिएको थियो । त्यतिबेलाको निरिक्षणमा चाहिँ ५७ र ६२ नम्बर का पिलरहरू फेला परेका छन् । सीमा मार्करहरू पिलर भन्नाले नेपाल भारत सीमामा जस्तो खालको पिलर हुन्छ । त्यहाँको भौगोलिक अवस्था हेर्दा कुनै ठाउँमा पहरामा खोपेर यो हो सीमा भनिएको छ । कही सीमा योभन्दा यतापट्टि पर्छ भनेर सङ्केत गरिएको छ । त्यसो भएर त्यसलाई boundry marker भन्ने गरिएको अवस्था छ । त्यति नै बेला दुई ठाउँमा सहायक स्तम्भहरू बनाउनु पर्ने थियो । ५४ को १/१ र ५४ को १/२ त्यो पनि त्यतिबेला निर्माण गरिएको अवस्था थियो भनेदेखि ३७ र ३८ चाहिँ बनाउन नसकिने भन्ने निष्कर्षका साथ १०० वटा बनाउने भनिएकोमा हाल चाहिँ ९८ वटा सीमा स्तम्भहरू रहेको, सीमा सङ्केत चिह्नहरू रहेको व्यहोरा म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

त्यहीँ तेस्रो संयुक्त सीमा निरीक्षणले ३/४ वटा महत्वपूर्ण निर्णयहरू गरेको छ । पहिलो चाहिँ यी सीमाहरूमा एकुरेसी होस् भन्नका निम्ति GIS System (Geographical information system) जडान गर्ने ताकि भोलि कही कतै सीमाहरू हराउँदा अथवा हिउँले पुरिँदा त्यस्तो अवस्थामा पनि त्यसको कुनै विवादहरू नहोस् भन्नका निम्ति GIS लागू गर्ने निर्णय गरेको छ । त्यसलाई अन्तिम रूप दिनु पर्ने कामहरू बाँकी छ । खासगरेर पश्चिम तिर त्रिदेशीय बिन्दु टुङ्गो गर्न बाँकी छ । मैले अगाडि पनि सम्मानित सदनमा जानकारी गराएको छु । चीनसँगको हाम्रो सीमा पिलर नम्बर एकबाट सुरु हुन्छ । टिङ्कर भञ्ज्याङभन्दा अलिकति माथिपट्टि पिलर नम्बर एक गाडिएको छ र त्यहाँभन्दा पश्चिम पर्छ हाम्रो त्रिदेशीय बिन्दु भनिएको छ तर भारतसँगको सीमा नटुङ्गिएको कारणले हामीले जिरो नम्बर पिलर गाड्न सकेका छैनौँ । अहिले भारतसँग हाम्रो चलिरहेको छ । टुङ्गो लागिसकेपछि नेपाल, भारत र चीनको त्रिदेशीय बिन्दु तयार हुनेछ । त्यो त्रिदेशीय बिन्दुमा चाहिँ हामीले पिलर नम्बर एक अथवा Boundry marker no 1 टुङ्ग्याउने छौँ । एउटा काम गर्नु पर्ने बाँकी छ । GIS लाई fully implement गर्नु पर्ने बाँकी छ । त्यस बाहेक एउटा विषय छलफल गरिरहेका छौँ हामीहरू ।

खासगरेर सगरमाथाको उचाइको सन्दर्भमा चाहिँ सगरमाथाको उचाइ snow line लाई मान्ने कि rock base लाई मान्ने भन्ने बारेमा चाहिँ दुईटा देशको बीचमा छलफलहरू चलिरहेको छ । पहिले हामीले सुरुदेखि नै snow line लाई मानेर ८,८४८ मिटर त्यसको उचाइ मान्दै आएका छौँ । संसारले पनि यहीँ कुरा मान्दै आएको छ । तर बीचमा चीनले आफूले नापी गर्दा उसले हिउँको रेखाभन्दा तल वास्तविक रक कति हो त भन्दाखेरि ८,८४४.४३ भनेर उसले नाप गऱ्यो । तर सगरमाथाबाटै सीमाना जाने भएको कारणले गर्दा त्यसको हाइट चाहिँ देशको सहमतिबाट मात्र बाटै टुङ्ग्याउने सकिने अवस्था थियो । त्यसकारण त्यो टुङ्गिएको अवस्था थिएन । नेपालले त्यतिञ्जेल आफ्नोतर्फबाट नापी गरिसकेको अवस्था थिएन । तर गत नेपालका नापि विभागका कर्मचारीहरूले निकै साहसका साथ, निकै सुझबुझका साथ र निकै जोखिम मोलेर सगरमाथाको उचाइ नाप्नु भएको छ । त्यसका data processing का कामहरू करिब-करिब सम्पन्न भई नै सकेका छन् । यसबीचमा चीनतर्फबाट पनि आफ्नोतिरको पाटो उहाँहरूले नाप्नु भएको छ । दुवै देशको बीचमा information हरू आदान-प्रदान पनि भएको छ । छिट्टै अब नेपालको तर्फबाट सगरमाथाको उचाइ घोषणा गर्ने तयारी पनि हुँदैछ । यी केही कामहरू दुई देशको बीचमा छलफल गरेर टुङ्ग्याउनु पर्ने विषयदेखि बाहेक अरु कुनै समस्याहरू नेपाल र चीनबीच सीमाको बारेमा नहरेको व्यहोरा म यहाँहरूलाई जानकारी गराउन चाहन्छु । यसका अतिरिक्त गएको अक्टुबर महिनामा चिनियाँ राष्ट्रपति महामहिम सि चिङ्फिङ नेपाल भ्रमणमा आउनु हुँदाखेरि दुवै देशको बीचमा agreement on boundry management भनेर एउटा सम्झौता भएको छ । जुन सम्झौता अहिले संसदको जानकारीका लागि प्रतिनिधि सभामा टेबुल पनि भएको छ, दर्ता भएको छ । त्यसले यो दुवै देशका क्रस गरेर बग्ने नदीहरूको व्यवस्थापन, त्यहाँको चरिचरणहरूको व्यवस्थापन, त्यहाँको वन्यजन्तुहरूको

व्यवस्थापन, त्यहाँबाट हुन सक्ने अवैध तस्करीहरू या अन्य कतिपय त्यस्ता कामहरूलाई रोक्ने विषयहरू ती सबै कुराहरूको लागि एउटा स्थायी संयन्त्र बनाएर दुई देशको सीमालाई त्यसको sanctity कायम गर्ने गरी त्यो सम्झौता कार्यान्वयनमा गइसकेपछि धेरै कुराहरू टुङ्गिनेनै छन् । अहिलेलाई चाहिँ हामी हेरिरहेका छौँ । कसरी यी प्रायोजित ढङ्गले यी खालका समाचारहरू आए ? दुवै देशबीचको सम्बन्धलाई गम्भीर प्रभाव पार्ने यस्ता खालका फेक न्यूजहरू कसरी कहाँ कुन कारखानामा उत्पादन भए ? र ती कसरी यति सजिलो गरी सर्कुलेट भए भन्ने बारेमा हामी सबै अलिकति गम्भीर पनि भएका छौँ । कुनै पनि देशको हकमा issue हरूमा छलफल हुन सक्छन् । हाम्रा विभिन्न देशहरूसँग अहिले नै पनि हाम्रा विभिन्न issue हरूमा छलफल चलिरहेका छन् । तर एउटा issue मा छलफल चले पनि बाँकी विषयहरूमा हाम्रा मित्रताहरू फेरि पूर्ववत् नै छन् । हाम्रा सम्बन्धहरू पूर्ववत् नै छन् । ती सम्बन्धहरू पूर्ववत् नै रहिरहनु पर्छ । एउटा issue मा छलफलहरू हुन सक्छ । issues हरूमा देशहरूको बीचमा मत भिन्नताहरू पनि हुन सक्छन् कहिले काहीँ, गम्भीरै पनि मत भिन्नताहरू हुन सक्छन् । तर त्यसले समग्र एउटा सम्बन्धको आयामलाई कहीँ कतै प्रभावित पार्नु हुँदैन । हामी त्यो मान्यतामा अगाडि बढ्ने मुलुकहरु त्यो नेपाल, त्यसमा यस्ता खालका गलत सूचनाहरूले कलिकति दिगभ्रमित भएको स्थिति भएको हुनाले । मैले सम्मानित सदन समक्ष नेपाल सरकारको दृष्टिकोण राख्नु उपयुक्त ठानेर मैले समय मागेको हुँ । समय दिनु भएकोमा सम्माननीय अध्यक्षज्यूलाई र अध्यक्षज्यू मार्फत् ध्यानपूर्वक सुनिदिनु भएकोमा सबै माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय परराष्ट्र मन्त्री प्रदिप कुमार ज्ञवालीले दिनु भएको वक्तव्यका सम्बन्धमा केन्द्रित भई प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । प्रत्येक मानननीय सदस्यको लागि एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय राम नारायण विडारी

**माननीय श्री राम नारायण विडारी (मनोनीत)**ः- अध्यक्ष महोदय, पत्रिका पढ्ने संसदमा बोल्ने काम‍ै यति भो ! संसदमा बोलेर पत्रिकाका कुराले देशभरि भ्रम फैलाउने स्थिति आयो । यसले राम्रो गऱ्यो कि गरेन ? दोस्रो राष्ट्रियता, राष्ट्रिय अखण्डता, दौत्य सम्बन्ध मित्र राष्ट्रहरू खल्बल्याउने नियतले काम गर्नेलाई नेपालमा कानून छ कि छैन ? त्यस प्रकारको कारबाही सरकारले सुर गऱ्यो कि गरेन ? अनि विशेष सेवा बनाएर बढेमा संयन्त्र बनाएको छ । त्यसले के काम गरिराखेको छ ? यस विषयमा थाहा चाहियो ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रमिला कुमारी ।

**माननीय श्री प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, दार्चुला, हुम्ला, गोरखा, रसुवा, सिन्धुपाल्चोक, सङ्खुवासभा, दोलखाका खोलाहरूको सयकडौं हेक्टर रोपनी जग्गा अतिक्रमण गरेको कुरा विभिन्न मिडियाबाट बाहिर आएको छ । यहाँले त्यो कुराको खण्डन गर्नु भयो ? त्यसको लागि यहाँलाई धन्यवाद छ । एउटा कुरा यो गोरखाको रुई गाउँ नेपालकै भएको प्रमाणित हुने ताम्रा पत्र हामीसँग छ तर त्यो गाउँको दावा चीनले गर्दै छ । त्यो कुरामा के कति सत्य छ ? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय प्रकाश पन्थ ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, त्यो ३७ र ३८ नम्बर पिलरहरू चाहिँ बनाउनु पर्ने अथवा नपर्ने कुरा कतातिर उन्मुख छ ? त्यसलाई त्यतिकै छोड्ने हो कि बनाउने भन्ने किसिमले कोशिसहरू भइराखेको छ ? यो प्रोटोकलहरूको मिटिङ्ग पनि नियमित रूपमा बस्न सकेन भन्ने कुरा पनि छ । यसैगरि हामीले यो संविधान संशोधन गरिसकेपछाडि नक्सा पारित गरिसके पछाडिको नेपाल भारत सम्बन्धको कुटनीतिक पहलहरू के कस्तो भइराखेको छ ? जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय परराष्ट्र मन्त्री प्रदिप कुमार ज्ञवालीलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

**माननीय परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवाली**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म सबै माननीय सदस्यज्यूहरूलाई धेरै-धरै धन्यवाद दिन चाहन्छु । महत्वपूर्ण जिज्ञासाका लागि । माननीय विडारीले भन्नु भएको जस्तै सम्माननीय सदन बास्तवमा तथ्यमा आधारित छलफलको एकदम गहकिलो थलो हुनु पर्छ भन्ने मान्यता राख्छु । म प्रतिनिधि सभा सदस्य हुँ । सामान्यतया राष्ट्रिय सभालाई house of bell dress अथवा यो परिपक्वहरूको सभा भन्ने

गरिन्छ । कहिले काही तल भुलचुकले पनि चुनाबमा के होला ? कसो होला ? त्यसो भएर check and balance का लागि राष्ट्रिय सभा त अझ बढी परिपक्व सदन हो भन्ने गरिन्छ । मिडियाहरूमा विभिन्न खालका सूचनाहरू आउन सक्छन् । हाम्रो मिडिया अब व्यवसायिक बन्ने प्रक्रियामा छ । धेरै लामो इतिहास पनि छैन हाम्रो । २०४६ सालको परिवर्तन पश्चात् प्रजातन्त्र आइसके पश्चात् नै हो नेपाली मिडियाहरूले आफूलाई अलिकति व्यवसायिक बनाउने प्रयत्न गरेको । त्यसले गर्दा उहाँहरू पनि परिपक्व हुने क्रममै हुनुहुन्छ । कहिले काही विभिन्न खालका स्वार्थहरू हावी हुन सक्छन् । गलत सूचनाहरू विभिन्न ढङ्गले manuplate हुन सक्छन् । त्यस्तो बेलामा चाहिँ मेरो एउटै आग्रह छ । कुनै एक जना विद्वानले भन्नु भएको थियो । काट्नुभन्दा अगाडि १० चोटि नाप भनेर । १० चोटि नापौं केही फरक पर्दैन । आज कुनै सूचना आइहाल्यो पत्रिकामा आजको आजै सदनमा विशेष समय लिएर, ढ्याप-ढ्याप समय लिएर बोलिनहाल्दा बिग्रिँदैन । तर यहाँ बोलियो भने यसको ठुलो एउटा असर पर्छ । त्यसबाट हामी स्वयम् पनि अलिकति verify गरौं । मिडियाको बारेमा मैले आग्रह मात्रै गर्न सकुला । तर हामी जनप्रतिनिधिहरूले चाहिँ त्यस्ता कुराहरूमा verify गरेर, हतारिनु जरुरी हुँदैन । धेरै तिरबाट सोच विचार गरेर त्यसमाथि पनि मेरो विशेष आग्रह छ । दुईटा प्रश्नहरूमा, अरु कुराहरूमा सरकारको आलोचना, अरु कुराहरूमा जीवन्त वहस हुन्छ । यी दुईटा कुरामा पनि हुँदै हुँदैन भन्ने होइन । तर सामान्यतया विदेश नीति र राष्ट्रिय सुरक्षा । असाध्यै संवेदनशील विषयहरू हुन् । यी दुईटा कुरामा वहसमा आउँदाखेरि सूचनाहरूलाई cross verification गरेर अगाडि बढ्नु राम्रो हुन्छ भन्ने म आग्रह गर्न चाहन्छु । यी समाचारको बारेमा सरकारको ध्यान गएको छ । केही सञ्चार माध्यमहरूले सार्वजनिक रूपमा क्षमाआचना गर्नु भएको छ । भूल सुधार गर्न भएको छ, सच्याउनु भएको छ । म उहाँहरूलाई धन्यवाद पनि भन्न चाहन्छु । भोलिका दिनहरूमा यस्ता गतिविधिहरू नदोहोरिउन् भन्ने कुरामा हाम्रो आग्रह छ । त्यो So callled प्रतिवेदन कुन कारखानामा उत्पादन भयो भन्ने बारेमा भने सरकारको गम्भीर खोजी गरिरहेका छौं । त्यसमा संलग्नहरूलाई चाहिँ जुन स्रोत हो । तथा कथित स्रोत, त्यो स्रोतलाई चाहिँ हामीले गम्भीरतापूर्वक कानूनी कारबाहीको दायरामा ल्याउने छौं ।

माननीय प्रमिलाले उठाउनु भएको विषयमा मसँग अहिले गोरखा जिल्ला प्रशासन कार्यालयको प्रतिवेदन पनि छ यो विषयमा कुरा आइसके पछाडि वास्तबमा भएको के हो भन्दाखेरि त्यहाँ सोधेका पनि थियौं । उहाँहरूले लिखितै प्रतिवेदन पठाउनु भएको छ । साना गाउँ र रुई गाउँमा परम्परादेखि नै जतिबेलासम्म औपचारिक सीमाङ्कन भएको थिएन । जस्तो अरु कतिपय ठाउँमा लेक वेशी भने जस्तो चरिचरण कहिले यताका भेडाहरू लिएर उता जाने, कहिले उताका भेडाहरू लिएर यता आउने, कहिले यताको खर्क उता बसाउने, कहिले उताको खर्क यता बसाउने दुवैतिर लेनदेन कारोबारहरू भइरहेको स्थिति थियो । पहिले देखिनै त्यो परम्परा रहँदै आएको थियो । जब सीमा छुट्याउने कुराहरू भयो । दुवै देशले सहमतिका आधारमा दुई देशको सीमा यहाँनेर हो भनेर सीमा स्तम्भ निर्माण गरिसकेपछि त्यतिबेला रहेका

करिब ११० घर धुरियाँहरूलाई अब यो सीमा यहाँनेर पर्‍यो । यताबाट उता चीन पर्‍यो, यहाँबाट यता नेपाल पर्‍यो । तपाईंहरू कता तिर रहने हो ? तपाईंहरूले आफ्नो ठाउँ रोज्नुस् भनिसकेपछि करिब ६० कुरियाहरूले रुई गाउँतिर र करिब ४० कुरियाँले चाहिँ यता सामा गाउँतिर रहने गरी उनीहरूले स्वेच्छिक ढङ्गले आफ्नो बसोबास रोजे । तर पहिले देखिरहेका कागजाजहरू, पहिलेदेखि रहेका भोगचलनका कागजातहरू ती कायम नै रहे । त्यसले कुनै खास ठुलो कानूनी झमेला पनि भएन । अहिले पनि आवत जावतहरू चलिनै रहन्छन् । त्यसले गर्दाखेरि त्यहाँ कुनै जर्बजस्ती कुनैतर्फबाट अतिक्रमण भएको भन्ने प्रश्न होइन । हिजो उहाँलाई स्वेच्छाले नै त्यो सीमा तोकिसकेपछि तपाईंहरू कतातरि बस्ने भनेर तोकिएर गरेको अवस्था हो । यही जानकारी सदनलाई जानकारी गराउन चाहन्छु ।

३७ र ३८ पिलरको सम्बन्धमा माननीय प्रकाश पन्थको जिज्ञासामा मैले अघि पनि भने त्यो भौगोलिक हिसाबले असाध्यै दुर्गम भएको, असाध्यै उचाइमा भएको हुनाले त्यहाँ कुनै मार्कर खडा गर्न सम्भव नभएको र मार्कर खडा नगर्दाखेरि पनि कुनै विवाद आउन नसक्ने हुनाले दुवै देशको सहमतिमा अब उप्रान्त यो नगर्ने । यो जरुरी भएन भन्ने भयो । प्रोटोकलको बारेमा २०१२ मा लगभग धेरै कुराहरू टुङ्गिएको थियो । २०१२ पछि छलफलहरू अगाडि बढेको थिएन । अहिले नेपालले प्रोटोकललाई पनि टुङ्ग्याउने र यो GIS लगायतका सबै विषयहरू टुङ्ग्याउनका निम्ति हामीले चीन समक्ष बैठकको प्रस्ताव गरिसकेका छौँ । यति प्रस्ताव दुवै देशको पारस्परिक अनुकूलतामा, सुविधामा बैठक गर्नको लागि नेपालले प्रस्ताव पठाइसकेको व्यहोरा म जानकारी गराउन चाहन्छु । मित्र राष्ट्र भारतसँग हामी सम्पर्कमा नै छौँ । नेपाल सरकार यो समस्याको कुटनीतिक वार्ताबाटै समाधान हुन्छ भन्ने कुरामा, गर्नु पर्छ भन्ने कुरामा र गर्न सकिन्छ भन्ने तीनै कुरामा हुन्छ, गर्नु पर्छ र गर्न सकिन्छ । मान्यता, विश्वास र बाटो तीन वटै कुरामा सरकारमा कुनै द्विविधा छैन । केहिले काही समय लाग्छ त्यसमा हामी उपयुक्त समयको पर्खाइमा पनि छौँ । त्यसो भएर बिनाकुनै आवेग, विना कुनै उत्तेजना कहिले काही बाहिर विभिन्न कोणहरूबाट, मिडियाहरू र विभिन्न ठाउँहरूबाट अलिकति वातावरणलाई उत्तेजित बनाउने प्रयत्नहरू पनि हुन्छन् । ती कुनै कुराहरूबाट प्रभावित नभइकन मैल अघि पनि निवेदन गरेँ । यो समस्या एउटा समस्या छ र यो हिजोदेखि नै रहेको थियो । त्यो पनि आजको सरकार यताको सरकार वा उताको सरकारको कारणले उत्पन्न भएकोभन्दा पनि इतिहासले गाठो नफुगाइदिएर, गाठो कसिदिएर छोडेको विषय हो । जो आज हाम्रो काँधमा आइपरेको छ, समस्या समाधान गर्नको लागि, समाधान गर्न सकिन्छ, गर्नु पर्छ, गरेर मात्रै विश्वासमा आधारीत एउटा घनिष्ट सम्बन्ध कायम गर्न सकिन्छ । तर यसले यो विवादले अथवा यो समस्याले हाम्रा समग्र आयामहरूलाई अन्यत्र प्रभाव पार्नु हुँदैन । त्यो कुरामा हामी उत्तिकै सचेत छौँ । कमसेकम नेपालको तर्फबाट ती कुराहरूमा केही पनि दुई देशबीचको अन्य सम्बन्धहरूको वहुआयामहरूमा त्यसले प्रभाव नपारेस् भन्ने कुरामा चाहिँ सरकार सजक छ । यो सजकता सबैतिरबाट अवलम्बन होस् भन्ने पनि आग्रह छ । सबैले यसमा contribution गर्नु

पर्ने जरुरी हुन्छ । अब त्यसलाई चर्काउन, वातावरणलाई तिक्त बनाउन, भ्रम फैलाउन सजिलो नै हुन्छ तर आज हामीलाई चाहिएको constructive type को contribution हो । जो सबै तिरबाट हुन जरुरी छ जस्तो लाग्छ । यति कुराहरू राखेर सम्माननीय अध्यक्षज्यूले समय दिनु भएकोमा धन्यवाद भन्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०७६, खेलकुद विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ र रेडियोधर्मी पदार्थको उपयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रमाणीकरण सम्बन्धी पत्र प्राप्त हुन आएको छ । म सोको व्यहोरा बढेर सुनाउँछु ।

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रतिहरू थान ३ यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुराधे गर्दछु ।

| क्र.सं. | विधेयक नम्बर | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | २ | शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक | २०७७/३/११ |
| २. | ३ | खेलकुद विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७७/३/११ |
| ३ | ४ | रेडियोधर्मी पदार्थको उपयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७/३/११ |

(डा. हरी पौडेल)

सचिव

माननीय सदस्यहरू, अब प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति राम नारायण विडारीलाई राष्ट्रिय महत्वका दस्तावेज, अभिलेख व्यवस्थापन सम्बन्धी प्रतिवेदन, २०७७ सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु ।

**प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आस्वासन समितिका माननीय सभापति श्री राम नारायण विडारी**:- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खर हामीले परराष्ट्र मन्त्रीज्यूको वक्तव्य सुन्यौं । दस्तावेज कस्तो महत्वपूर्ण हुन्छ ?। राज्यका निम्ति, राष्ट्रका निम्ति, जनताको निम्ति त्यसकारणले अहिलेसम्म हाम्रो संसदमा यस प्रकारका काम भएका रहेन छन् । राष्ट्रिय महत्वका दस्तावेजहरू कहाँ राख्ने ? कसरी राख्ने ? कसले राख्ने ? त्यसको संरक्षण कसरी गर्ने ? सङ्कलन कसरी गर्ने ? भन्ने विषयमा राष्ट्रिय सभालाई यो महत्वपूर्ण अवसर प्राप्त भएको रहेछ । हामीले नियमावली बनाउँदा त्यस प्रकारका व्यवस्था गरेर समितिलाई यो अधिकार दिएको रहेछ । त्यसकारणले आजभन्दा डेढ वर्ष अगाडिदेखि नै यो कार्य सुरु भइसकेको थियो । अहिले व्यापक रूपमा यसको महत्व कति छ भनेर लिम्पियाधुरा, लिपुलेक, कालापानीको सीमा क्षेत्र सहितका कुरालाई लिएर बडो महत्वपूर्ण रहेछ यो भन्ने कुरा हामीलाई अनुभूति, अनुभव हुन गएको छ । त्यसोभएको हुनाले म यो प्रतिवेदनको सामान्य कुरा छोटकरीमा पढेर सुनाउँछु ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको मुख्य कार्य क्षेत्रमध्ये राष्ट्रिय महत्वको दस्तावेज अभिलेख व्यवस्थापन एक हो । त्यसैले यस समितिले विक्रम सम्वत् २०७५ कार्त्तिकदेखि नै अभिलेख सम्बन्धी कार्य थालनी गरेको थियो । अहिले मुलुकको लागि राष्ट्रिय महत्व राख्ने अभिलेख दस्तावेजहरूको महत्व हामीले बुझ्यौं । हालै संघीय संसदबाट ऐतिहासिक रूपमा मुलुकको नक्सा अध्यावधि गर्ने कार्य सम्पन्न गरेका छौं । यस सम्बन्धमा मुलुकले के-के कार्य सम्पन्न गर्दै कसरी अगाडि बढ्नु पर्दछ ? के-कस्ता पहल गरिनु पर्दछ र भविष्यको लागि अभिलेखहरू व्यवस्थापन गर्न चालिनु पर्ने नीतिगत, कानूनीगत र संरचनागत व्यवस्थापनहरू के-के हुन सक्दछन् भनी समितिले अभिलेख दस्तावेजहरू राख्ने निकायको स्थलगत अध्ययन, अवलोकन भ्रमण, सम्बन्धित पदाधिकारीसँग परामर्श गर्नुका साथै यस क्षेत्रका विज्ञहरूसँग छलफल समेत गरिएको छ । अब सरकारले गर्नु पर्ने कुटनीतिक पहल, मुलुकभित्रको आन्तरिक कार्य, तथ्याङ्क सङ्कलन, संरक्षण सम्बन्धमा गर्नु पर्ने अध्याबधिकता सम्बन्धमा समेत छलफल भएको छ । मुलुकको भौगोलिक सीमानाको नक्साको अभिलेख, नेपाल राज्य वा नेपाल सरकारपक्ष भई अन्य मुलुक वा अन्तर्राष्ट्रिय संस्थासँग द्विपक्षीय वा बहुपक्षीय सन्धि, महासन्धि, सम्झौता आदिको अभिलेख विभिन्न निकायमा छरिएर रहेका छन् । धार्मिक, सांस्कृतिक, राजनीतिक, सामाजिक, पुरातात्विक महत्व राख्ने दस्तावेज, शिलालेख, ताम्रापत्र जस्ता अभिलेखलाई सुरक्षित राख्नु अति जरुरी हुन्छ । राज्यले अभिलेख व्यवस्थापन सम्बन्धी बनाएका कानूनहरू पर्याप्त र समयानुकूल छ वा छैन ? आवश्यक जनशक्ति र स्रोत साधन प्रदान गरिएको छ वा छैन भन्नेतर्फ समितिले ध्यान दिएको छ । राष्ट्रिय महत्वका दस्तावेजको अभिलेख व्यवस्थापन सम्बन्धमा समितिले राष्ट्रिय अभिलेखालय, राष्ट्रिय सङ्ग्रहालय लगायत विभिन्न केन्द्रीय पुस्तकालयहरूको स्थलगत अध्ययन, अवलोकन भ्रमण गर्दा ती निकायका लागि आवश्यक जनशक्ति, बजेट उपलब्ध गराउन नसकेको, अभिलेख संरक्षणका सम्बन्धमा अझै पुराना र अपर्याप्त कानूनहरू विद्यमान रहेको,

भवनको अभाव रहेको, अभिलेख दस्तावेज संरक्षणको कार्य सरकारको प्राथमिकतामा नै नपरेको पाइएको छ । ऐतिहासिक दस्तावेज र अभिलेखहरू हाम्रा अमूल्य निधि हुन् । भावी पुस्ताको लागि यिनको संरक्षण गर्नु पर्दछ भन्नेमा विगतका सरकारको ध्यान पुग्न सकेको देखिँदैन । वर्तमान सरकारले ध्यान देओस् भन्ने आग्रह गर्दछौँ । राष्ट्रिय अभिलेखालयलाई स्थानान्तरण गर्ने विगतको सरकारले गरेको निर्णय सच्याई यथास्थानमा राख्ने भनी गरेको निर्णयलाई म समितिका तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । यस सम्बन्धमा समितिले सरकारलाई आग्रह गरेको थियो ।

अध्यक्ष महोदय, राष्ट्रिय महत्वका दस्तावेज, अभिलेख व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डन मन्त्रालयको ध्यान यस कार्यमा तत्काल जानु पर्दछ । राष्ट्रिय महत्वका अभिलेखहरूको महत्व वर्तमानमाभन्दा भविष्यमा हुने हुँदा मन्त्रालय र सम्बन्धित निकायहरूको यसमा गम्भीर ध्यान जानु आवश्यक छ । समितिले अध्ययन, अवलोकन परामर्श, छलफल गरी केही सुझाब दिएको छ । ती सुझाबहरू कार्यान्वयन हुन सकेमा अभिलेख व्यवस्थापनमा हामी एक कदम अगाडि जान सक्नेछौँ भन्ने समितिले विश्वास लिएको छ । संसारका विकसित देशमा यस्ता कार्यलाई उच्च प्राथमिकतामा राखेको हामीले अनुभूति गरेका छौँ । यस्ता प्रतिवेदनलाई मन्त्रीले वा सरकारले कार्यान्वयन गर्नु पर्ने बाध्यात्मक व्यवस्था हाम्रो राष्ट्रिय सभा नियमावलीमा छ अध्यक्ष महोदय । यसलाई कार्यान्वयन नगरेमा समितिले पुनर्मूल्याङ्कन गरी यस प्रतिवेदन फेरि तयार गरी हाउसमा ल्याएको खण्डमा मन्त्रीले यहीँ उभिएर जवाफ दिनु पर्ने कानूनी व्यवस्था पनि हामीले नियमावलीमा गरेका छौँ । यसरी सम्माननीय अध्यक्षज्यू मार्फत् म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्त्यमा, प्रतिवेदन तयार गर्ने कार्यमा सघाउ पुऱ्याउनु हुने संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, आफ्नो जिम्मेवारी निर्वाह गरी समितिलाई सहयोग पुऱ्याउने समितिका सम्पूर्ण माननीय सदस्यहरू, संघीय संसद सचिवालयका महासचिव, राष्ट्रिय सभाका सचिव, समितिका सचिव लगायत अभिलेख व्यवस्थापनसँग सम्बन्धित पदाधिकारी, विज्ञ र समितिमा कार्यरत सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिदैं राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ बमोजिम प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**मानननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव सदन समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननय अर्थ मन्त्री डा. युवराज गतिवडाले प्रस्तुत गर्नु भएको "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकका उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायस्सँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय कोमल वली

**माननीय श्री कोमल वली (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, यो "नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्" को छलफलमा छौँ । यो नागरिक लगानी कोष, २०४७ सालमा स्थापना भएको संस्था हो । यसको उद्देश्य पूँजी बजारको विकास र बचत परिचालन नै हो । यो २०४७ सालमा आएको ऐन अहिलेसम्म संशोधन भएको थिएन । नेपाल सरकारले कर्मचारीहरूका लागि समेटेको बीमा योजनाहरू पनि यसैले चलाइराखेको छ र यो बीमा समेट्न पनि ऐनको आवश्यकता थियो । अहिले लगानीका विभिन्न उपकरणहरू आए । त्यसमा पनि लगनी गर्ने कुराहरू पनि यो मौजदा ऐनले कभरेज गर्दैन थियो र संशोधन आवश्यक थियो । पहिले थोरै पूँजी र सानो संस्थाको रूपमा परिकल्पना भएको थियो भने अहिले संस्था ठूलो भयो र कामको यसका क्षेत्राधिकारहरू पनि बढेका छन् । त्यसैले पनि यो आवश्यक थियो । तर मलाई यसमा लागेको दुई वटा कुरामा सम्माननीय अध्यक्ष महोदय, एउटा, अहिलेसम्म यो कार्यकारी अधिकृत नै यो बोर्डको मेम्बरको रूपमा रहने व्यवस्था थियो र ९ जनाबाट अहिले ७ जना बनाइएको छ र यो ऐनले त्यहाँको कार्यकारी अधिकृतलाई बोर्ड मेम्बरमा नरहने प्रस्ताव गरिएको छ । यसले भोलि बोर्ड र कार्यकारीबीच Conflict पनि हुन्छ जस्तो लाग्छ । किनभने बैङ्कको वित्तीय संस्थामा बोर्डले नै कार्यकारी नियुक्ति गर्छ र बोर्डमा त्यसले समस्या हुँदैन । यसमा त कार्यकारी अधिकृत क्यविनेटले नियुक्त गर्छ । क्याविनेटले

नियुक्त गरेको कार्यकारी अधिकृतले बोर्डले जेसुकै गरोस्, म मान्दिनँ । मलाई त सरकारले नियुक्त गरेको हो भन्यो भने चाहिँ यो दुई वटाको बीचमा Conflict हुने त होइन भन्ने मलाई लागेको हो । कि त कार्यकारीलाई सञ्चालक समितिले नियुक्त गर्ने व्यवस्था भइदिएको भए यसमा चाहिँ सञ्चालकले नै कुनै गल्ती गरेमा कार्यकारीलाई कारबाही गर्न सक्थ्यो ।

दोस्रो कुरा चाहिँ, यो ऐनमा यसको क्यापिटल तीन अर्ब पुऱ्याउने भन्ने प्रस्ताव छ । पूँजी यति हुनुपर्छ भन्ने कुरा नराखेको भए राम्रो हुन्थ्यो कि जस्तो मलाई लाग्यो । किनभने संस्थाले आफ्नो क्षमता अनुसार बढाउँदै लगेपछि जति भए पनि फरक पर्दैन थियो । यसमा प्रस्तावमा के भनेको छ भने ८ अर्ब अधिकृत पूँजी, ८ अर्ब जारी पूँजी र ३ अर्ब चुक्ता पूँजी भनेर उल्लेख गरेको छ । त्यो चाहिँ संस्थाको आवश्यकता अनुसार साधारण सभाले निर्धारण गरे अनुसार पूँजी वृद्धि गर्न सक्ने छ भन्ने किसिमको रहेको भए राम्रो हुन्थ्यो होला । किनभने ऐनमा उल्लेख गरेपछि त जति पल्ट पूँजी वृद्धि गर्नुपर्थ्यो, त्यतिपल्ट ऐन संशोधनमा जानु पऱ्यो भने त झन्झट हुन्छ । अरु ठीकै छ । म स्वागत र समर्थन गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म अर्थ मन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाः**- सम्माननीय अध्यक्ष महोदय, नागरिक लगानी कोष विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट संशोधन सहित आएको प्रस्तावउपर भाग लिनुहुने माननीय सदस्यज्यूलाई त्यसमा आफ्नो राय राख्नु भएकोमा धन्यवाद दिन चाहन्छु ।

सञ्चालक समिति सामान्यतः कम्पनी कानूनबाट हामीले हेरिरहँदाखेरि पूँजीको प्रतिनिधित्व हो, सञ्चालन समिति भनेको । कार्यकारीलाई सञ्चालक समितिले पूर्ण नियन्त्रणमै राखेको हुन्छ । धेरै दृष्टिकोणले कार्यकारी अधिकृत प्रमुख, कार्यकारी अधिकृत नै बोर्डमा रहने हो भने कहिलेकाहीँ त्यहाँ स्वार्थ पनि बाँझिने स्थिति हुन्छ । त्यो नहोस् भनेर एउटा कम्पनी कानूनको चेक एण्ड ब्यालेन्सको एउटा नर्म्सलाई पालना गर्न पनि त्यो त्यहाँ राखिएको हो ।

पूँजीको सन्दर्भमा माननीय सदस्यज्यूले राम्रो धारणा राख्नु भएको छ । सामान्यतया कम्पनीहरूको पूँजी संस्थाहरूको पूँजी कानूनमै भएन भने परिवर्तन गर्न सजिलो हुन्छ भन्ने कुरा हो । यो विशेष प्रकारको कोष भएको र यसको पूँजीको बारेमा म अहिले नै प्रक्षेपण त गर्न सक्दिनँ तर धेरै अर्को वर्षसम्म यो पूँजी पर्याप्त हुने र यसको आधारबाट फेरि कानून संशोधन गरिरहनु पर्ने स्थिति नआउने सहजै अनुमान गर्न सकिन्छ । यो एक किसिमको ट्रष्टी बचतलाई ट्रष्टीको रूपमा परिचालन गर्ने संस्था हो । खालि अहिले योसँग भएको जुन रिजर्भ्सहरू छ, त्योलाई अहिल सुदृढ गर्नको लागि पूँजीको त्यो व्यवस्था गरिएको हो । त्यसो भएको हुनाले पनि मलाई लाग्दैन, यो पूँजीको संशोधनको प्रस्तावको लागि यो कानून, यो ऐन, जुन विधेयक प्रस्तुत भएको छ, संशोधन गरिरहनु पर्छ जस्तो मलाई लाग्दैन । त्यसो हुनाले माननीय सदस्यज्यूलाई फेरि पनि धन्यवाद दिँदै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले पेश गर्नु भएको “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ, “नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउँछु ।

**माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफे**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले “संघ, प्रदेश र स्थानीय तह ( अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेले प्रस्तुत गर्नु भएको “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकउपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय ठगेन्द्र प्रकाश पुरी ।

**माननीय श्री ठगेन्द्र प्रकाश पुरी (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्षज्यू, संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई संवैधानिक व्यवस्था अनुरूप बनाउन, जनचाहनालाई कानूनी प्रबन्ध गरी सम्बोधन गर्न साथै समग्रमा भन्नुपर्दा विधेयकलाई थप सुदृढ गर्न सम्मानित प्रतिनिधि सभा र उक्त सभाको राज्य व्यवस्था तथा सुशासन समितिले गरेको योगदान उच्च छ । उक्त योगदानको म कदर गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू खासगरेर म यो प्रतिनिधि सभाको प्रतिवेदनका तीन वटा कुराहरू यो सम्मानित राष्ट्रिय सभाको प्रतिवेदनसँग सैद्धान्तिक हिसाबमा त्यति भिन्न नभए पनि व्यवहारिक हिसाबमा केही भिन्न रहेको र त्यो व्यवहारिक हिसाबले यो संघीयतालाई सहज तरिकाले कार्यान्वयन गर्ने कुरामा पनि केही समस्या उत्पन्न हुन सक्ने स्थितिलाई हेरेर म त्यस सम्बन्धमा केही छोटो कुरा राख्न चाहन्छु । खासगरेर सम्माननीय अध्यक्षज्यू, यो प्रतिवेदनको प्रतिनिधि सभाको प्रतिवेदनको बुँदा नम्बर २ ले राष्ट्रिय सभाको प्रतिवेदनको ३ नम्बरमा संशोधन गर्न खोजेको छ । त्यसमा के भनेको छ भने यो ऐन जारी गर्ने कुरामा यसले तुरुन्त भन्ने कुरा चाहिँ भनेको छ । हामीले चाहिँ ८ औं दिन भनेका थियौं । यो ऐन लागू गर्ने कुरा विषय विपत्तिको बेला जति सक्यो छिटो उद्धार गरे जस्तो होइन । यो विषय

सरकारको जनउत्तरादायित्व र जवाफदेहितासँग जोडिएको हो । त्यसैले यससँग यो प्रतिवेदनका बारेमा विचार गर्नुपर्छ भन्ने म अनुरोध गर्न चाहन्छु । सँगै के छ भने यो प्रतिनिधि सभाको प्रतिवेदनको बुँदा नम्बर १२ ले राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा नम्बर १४ मा केही संशोधन गरेको छ । त्यहाँ के छ भने राष्ट्रिय समन्वय परिषद्मा प्रतिनिधित्व गर्ने सन्दर्भमा राष्ट्रिय सभाको प्रतिवेदनले संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलको प्रतिनिधित्वलाई सुनिश्चित गरेको थियो तर यसलाई चाहिँ फेरबदल गरेको छ । त्यस्तैगरि प्रतिनिधि सभाको बुँदा नम्बर १४ ले राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा नम्बर १९ पनि केही फेरबदल गरेको छ । यसतर्फ पनि विचार गर्नुपर्ने आवश्यकता देख्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय कोमल वली ।

**माननीय श्री कोमल वली (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**ः- सम्माननीय अध्यक्ष महोदय, यो संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा छौं । हामीलाई थाहा छ यो विधेयक राष्ट्रिय सभामा उत्पति भएर हामीले पारित गरेर प्रतिनिधि सभामा पठाएका हौं । प्रतिनिधि सभाले हामीले पारित गरेका कुराहरूमा पनि केही थप गरेर हेरफेर गरेर एउटा प्रतिवेदन सहित हामीतिरै फेरि फिर्ता पठाइदिएको छ र विधेयक विधायन समितिको प्रतिवेदन प्रतिनिधि सभाको राज्य व्यवस्था समिति तथा सुशासन समितिको प्रतिवेदन समेतलाई एकै ठाउँमा राखेर छलफल गर्नु पर्ने छ । र उहाँहरूले गर्नु भएको योगदानको लागि म पनि धन्यवाद दिन चाहन्छु । पूर्ववक्ता माननीयज्यूले धेरै कुराहरू राखिसक्नु भएको छ । यसमा हेर्दाखेरि प्रतिनिधि सभाले राम्रै योगदान गरेको देखिन्छ त्यसको लागि प्रतिनिधि सभालाई पनि धन्यवाद छ सम्माननीय अध्यक्ष महोदय । मलाई लागेको यसमा दुई चार वटा कुरामा फेरबदल गरेको देखिन्छ । जस्तै हामीले यो ऐन ८ औं दिनमा लागू हुनेछ भनेका थियौं । र प्रतिनिधि सभाले तुरुन्त लागू हुनेछ भनेर पठाइदिएको छ । ८ औं दिनमा हामीले गर्नुको कारण पनि के थियो भने त्यो बेलामा सम्माननीय अध्यक्ष महोदय, संसदीय व्यवस्थामा सरकार उत्तरदायी र जवाफदेही हुनु पर्छ भन्ने छ । यो अहिलेको विश्वव्यापी मान्यता नै हो । कानून यस्तो चीज हो जो लामो अनुसन्धान गरेर निर्माण गर्ने कुरा हो । बनाइसकेपछि त्यो कानून कार्यान्वयनका लागि राज्यले स्रोत, साधन, संयन्त्रहरू प्रयोग गर्नुपर्ने हुन्छ । हामीले के बुझ्नु पर्‍यो भने यो कानून एक दुई दिनका लागि मात्र पनि होइन । यसको औचित्य रहुन्जेलसम्म कानून प्रयोगमा आउँछ सम्माननीय अध्यक्ष महोदय । त्यसैले रातारात हतार-हतारमा किन लागू गर्ने भन्ने हाम्रो मनसाय थियो । कमसेकम सरकारले पनि अबदेखि यो कानून आएको छ है भनेर जनतालाई जानकारी पनि गराउनु पर्छ भन्ने पनि हाम्रो मान्यताको आधारमा हामीले

लामो समयदेखि राष्ट्रिय सभामा भनौं हाम्रो पदावधि सुरु भएदेखि नै सुधार गर्न खोजिएको हो । तर प्रतिनिधि सभामा नबुझेर हो कि वा किन हो ? तुरुन्त तुरुन्ति भन्ने आएको छ । मैले नबुझेको कुरा यो हो । अर्को चाहिँ राष्ट्रिय समन्वय परिषद् र प्रदेश समन्वय परिषद्मा अलि हामीले बनाएको सङ्ख्या घटाएर पठाएको देखियो । यो किन रहेछ ? विधेयकको आवश्यकता थियो ढिलो भयो धेरै पटक हामीले छलफल गरिसकेका छौं । अब चाँडै पास गरौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफे</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध व्यवस्थापन विधेयक, २०७६ को सन्दर्भमा अहिले भर्खरै प्रतिनिधि सभाबाट केही परिमार्जन गरी फेरि अर्थात् यहीँ राष्ट्रिय सभामा नै पठाइदिएको कुरा यहाँहरूलाई स्मरण गराउन चाहन्छु र यो विधेयक राष्ट्रिय सभामा उत्पति भएको र राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले व्यापक छलफल गरेको थियो । त्यो छलफलमाथि यहाँले आफ्नो विचार, आफ्नो भनाइ राख्नु भएको थियो । त्यही भनाइलाई एकीकृत गर्दै यस विधायन व्यवस्थापन समितिले आफ्नो प्रतिवेदन पेश गरेको कुरा पनि स्मरण गराउन चाहन्छु । तत्पश्चात राष्ट्रिय सभाबाट अगाडि बढाएर प्रतिनिधि सभालाई दिएको थियो र प्रतिनिधि सभाले यो विधेयकमाथि व्यापक छलफल गरेको थियो । राज्य व्यवस्था तथा सुशासन समितिबाट धेरै छलफल गरेर यहाँहरूले संशोधन परिमार्जन गर्नु भएको विषयवस्तुमा पनि केन्द्रित रहेर त्यहाँ छलफल भएको कुरा यहाँहरूलाई म जानकारी गराउन चाहन्छु । स्वभावैले हामी दुई सदन यहाँ अथवा राष्ट्रिय सभा र प्रतिनिधि सभा जहाँ हामी एउटा सदनमा उत्पति हुन्छ त्यहाँबाट छलफल गरेर पास गरेर अगाडि बढाइसके पछाडि अर्को सदनमा जान्छ र त्यहाँ पनि फेरि छलफल हुन्छ भन्ने कुरा पनि हामीलाई थाहा भएकै विषय हो । यहाँहरूले उठान गर्नु भएको विषय जुन विशेष गरेर हामीले अर्थात् राष्ट्रिय सभाले उठाएको कुरा परिमार्जन गरेको कुरा प्रतिनिध सभाले नै किन परिवर्तन गऱ्यो, संशोधन गऱ्यो भन्ने खालको कुराहरू पनि आएका छन् । हामीले कुनै पनि विधेयकलाई ऐनको रूपमा हामीले परिवर्तन अथवा ऐन बनाउँदै गर्दाखेरि एउटा सभाले पास गरिसकेपछाडि अर्को सभाले पनि त्यस विषयमा त्यस विधेयकमा केही चीज छुट्यो कि अथवा केही थप्नु पर्ने हो कि भन्ने

विषयमा गहन अध्ययन गरेर छलफल गरेर यो गर्ने हाम्रो अभ्यास हो । यो कुरा सबैलाई थाहा छँदै छ । यही अभ्यास अन्तर्गत बसेर हामीले यस विषयमा अर्थात् यस विधेयकमा पनि छलफल भएको अवस्था थियो । र विशेषतः यहाँहरूले जुन एउटा ऐन प्रारम्भ हुँदाको विषयको कुराहरू गर्नु भएको छ यहाँहरूले उठान गर्नु भएको अर्थात् तपाईंले राख्नु भएको ८ दिनमा प्रारम्भ हुनेछ भन्ने कुरा लेख्नु भयो तर ८ दिनलाई प्रतिनिधि सभाले तुरुन्त प्रारम्भ हुनेछ भन्ने खालको कुरा लेखिरहँदाखेरि यहाँहरूले यो विषय नचलाइदिए हुन्थ्यो कि भन्ने खालको नै आशय मैले बुझेको छु । तर के हुन्छ कुनै पनि ऐन हामीले प्रायः जसो हाम्रो ऐन तुरुन्त प्रारम्भ हुनेछ भनेर हामीले उल्लेख गरेको अवस्था छ र अलिकति हामीले कुनै नयाँ ऐन बनायौं भने त्यसलाई नियमावली बनाएर कार्यविधि बनाएर हरेक प्रक्रियामा जाँदाखेरि अलिकति समय लाग्छ कि भन्ने खालको कुरा हुन्छ । नभए हामीले यस्ता कुराहरू यो विषय यो विधेयक हामीले संघीय गणतन्त्र स्थापना भइसकेपछाडि यो विधेयकको बारे नयाँ ऐनको रूपमा हामीले बनाउने क्रममा हामी छौं भन्ने कुरा यहाँहरूलाई थाहा भएकै कुरा हो । र हामीले हरेक चीज संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई व्यवस्थापन गर्ने भन्ने विषयमा हामीले छिटो ऐन बनाएर तल दिएदेखि तुरुन्त प्रारम्भ गर्न सकेदेखि हुन्थ्यो भन्ने नै आशय हो । तसर्थ यही आशयमा बसेर प्रतिनिधि सभाको समितिले यो कुरा गरेको छ र यहाँहरूले जे कुराहरू उठाउनु भयो छलफल गर्नु स्वभाविक नै हो । यो गरेदेखि राम्रो हुन्थ्यो कि अथवा यस्तो व्यवस्था राखें राम्रो हुन्थ्यो कि भन्ने खालको कुरा गर्नु स्वभाविक नै हो । तसर्थ मलाई लाग्छ यो प्रतिनिधि सभा र राष्ट्रिय सभाको सम्बन्धित विषयगत समितिले छलफल गरेर यो विधेयकलाई हामीले चाहे जस्तो अर्थात् नेपाली जनताको निम्ति आवश्यकता अर्थात् संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयलाई केन्द्रित गर्दै तपाईंहरूले व्यापक छलफल गर्नु भएको छ र यहाँहरूले आफ्नो सुझावहरू दिनु भएको छ, आफ्नो कुराहरू राख्नु भएको छ । यसको निम्ति म धन्यवाद दिन चाहन्छु र यो विषयमा अर्थात् यो विधेयकमाथि यहाँहरूले आफ्नो कुराहरू राख्नु भएको छ । फेरि पनि आफ्नो भनाइहरू राख्नु भएको छ । यसको निम्ति म सम्माननीय अध्यक्ष महोदयको उहाँको माध्यमद्वारा यहाँहरूलाई पुनः धन्यवाद दिँदै आफ्नो भनाइ यहीं टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङफेले पेश गर्नु

भएको “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

“हुन्न” भन्ने आवाज सुनिएन । तसर्थ “संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ माथि प्रतिनिधि सभाबाट भएको संशोधनउपर विचार गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, आजको कार्यसूचीको क्रम सङ्ख्या ४ मा रहेको (ख) (ग) (घ) र (ङ) का विषयहरू सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार १७ गते बुधबार दिनको १:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार १७ गते बुधबार दिनको १:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।)

**अन्त्यः- दिउँसो १:५५ बजे ।**